इच्छाकामना गाउँपालिका

# विपन्नको आँगनमा स्थानीय सरकार
# **कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७**

## इच्छाकामना गाउँपालिका

**कुरिनटार**

**बाग्मती प्रदेश, नेपाल**

# इच्छाकामना गाउँपालिका, चितवनको
# विपन्नको आँगनमा स्थानीय सरकार
# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावनाः**

इच्छाकामना गाउँपालिका क्षेत्र भित्र रहेका विपन्न वर्गहरुको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउने उद्देश्यले संविधानको एकल अधिकार सूची  तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ-१ र दफा ११ को ४ को च-१ मा भएको व्यवस्थालाई समेत आधार लिइ इच्छाकामना गाउँ कार्यपालिकाले स्वीकृत गरेको गरिवी निवारण सम्वन्धी आधारपत्रमा समेत उल्लेख गरिएको **विपन्नको आँगनमा स्थानीय सरकार कार्यक्रमलाई समन्वयात्मक तथा सहकार्यका साथ** प्रभावकारीरुपले कार्यान्वयन गर्न आवश्यक देखिएकाले नेपालको संविधानको धारा ५७ को उपधारा ४, धारा २२१ तथा धारा २२६ समेतको अधिकार प्रयोग गरी इच्छाकामना गाउँपालिकाको गाउँ सभाले यो **विपन्नको आँगनमा स्थानीय सरकार कार्यक्रमको कार्यान्वयन-कार्यविधि र कोष व्यवस्थापन सम्वन्धी ऐन, २०७७** निर्माण गरी जारी गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम इच्छाकामना गाउँपालिकामा सञ्चालित **विपन्नको आँगनमा स्थानीय सरकार कार्यक्रमको कार्यान्वयन (कार्यविधि र कोष व्यवस्थापन सम्वन्धी ऐन, २०७७** रहेको छ ।

ख) यो ऐन इच्छाकामना गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी राजपत्रमा प्रकाशित मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) **विपन्न वा अति गरिव** भन्नाले नेपाल सरकार वा मान्यता प्राप्त निकायवाट मानव विकासकार आर्थिक सामाजिक विकासका विभिन्न सूचक, मापदण्ड तथा परिचयपत्रको आधारमा पहिचान गरिएका चरम गरिवीको रेखामूनी रहने व्यक्ती, परिवार वा समुदायलाई जनाउछ ।

तर यस कार्यकमको हकमा गरिवीको परिचयपत्रमा उल्लेख गरिने गरिव, मध्यम गरिव तथा अति गरिवको आधिकारिक परिचयपत्र नेपाल सरकारले प्रदान नगरे सम्म यस गा.पा.को गाउँ कार्यापालिकाले इच्छाकामना गा.पा. क्षेत्रभित्रको वस्तु स्थिति हेरी यसै ऐनमा र कार्यविधिमा उल्लेख गरी निर्धारित गरेको गरिवी मापनका आधारमा पहिचानगरी परिचयपत्र दिइएको व्यक्ति, परिवार तथा समूदायलाइ विपन्न वा अति गरिव मानिनेछ ।

**विपन्न पहिचानका लागि अनुसूची १ मा भएको सर्वेक्षण प्रश्नावलीको प्रयोग गरिनेछ ।**

ख) सीमान्तकृत तथा लोपोन्मुख वर्ग भन्नाले इच्छाकामना गा.पा. क्षेत्रिभित्र रहेका र गाउँ कार्यपालिकाले प्रचलित कानून र नीतिमा उल्लेख गरिएको व्यवस्था समेतलाई आधार लिइ ऐन/**कार्यविधिको अनुसूचीमा** तोकिएका सो समूहका स्थानीय जाती र जनजाती वा समुदायलाई जनाउनेछ ।

ग) लक्षित समूह भन्नाले यस कार्यविधिको अनुसूची वमोजिम निर्धारित गरिएका तथा अति गरिवको परिचय प्राप्त गरेका समूहलाई जनाउछ ।

घ) परिचयपत्र भन्नाले नेपाल सरकार वा आधिकारिक निकायवाट प्रदान गरिएको गरिव घर परिवार पहिचानको परिचयपत्र जनाउछ। सो प्राप्त नभए सम्म गाउँपालिकाले यस ऐन/कार्यविधिमा निर्धारण गरेको मापनको आधारमा सर्वेक्षण र विश्लेषण गरी पहिचान भै अभिलेख गरिएका व्यक्ति, परिवार तथा समुदायलाइ दिइने **अनुसूची .......वमोजिमको परिचयपत्र**लाई जनाउनेछ ।

ङ) **असहाय भन्नाले** शारिरीक, मानसिक तथा संरक्षणको अभावले आय आर्जन गर्न समेत नसक्ने गाउँ कार्यापालिकाले यसै ऐन-कार्यविधमा किटान गरेका इच्छाकामना गा.पा. भित्रको नागरिक वा व्यक्तिलाई जनाउनेछ ।

च) **सहकारी संस्था भन्नाले** इच्छाकामना गा.पा.मा दर्ता भै विधान अनुसार नियमानुसार कार्य गर्दै आएका तथा यस कार्यक्रममा आवद्ध हुन चाहने वा लागत साझेदारी गर्न चाहने सवै प्रकृतिका सहकारी संघ संस्थाहरुलाई जनाउनेछ ।

छ) **विपन्न सहकारी भन्नाले** यस कार्यक्रम र यस ऐन-कार्यविधि अनुसार विपन्न समूदायहरुवाट गा.पा.को सहयोगमा स्थापना तथा सञ्चालित गरिएको नयाँ सहकारी संस्था वा समुह समेतलाई जनाउनेछ ।

ज) **सामुदायिक संघसंगठन-एन जि ओ** भन्नाले सम्वन्धित निकायमा दर्ता भै यस गा.पा. क्षेत्रभित्र समेत कार्यक्षेत्र भएको तथा साविकदेखि नै कृयाशील एवम् यस गा.पा.मा समेत अभिलेखित भै नियमानुसार प्रतिवेदन गर्ने र यस कार्यक्रममा ऐन-कार्यविधि वमोजिम आवद्ध हुन चाहने वा साझेदारी गर्न चाहने स्थानीय सामुदायक संघ संगठनलाई समेत जनाउनेछ ।

झ) **कार्यक्रम भन्नाले** इच्छाकामना गाउँपालिका चितवनमा सञ्चालित **विपन्नको आगनमा स्थानीय सरकार** कार्यक्रमलाई जनाउनेछ ।

ञ) कार्यालय भन्नाले इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवनलाई जनाउनेछ ।

ट) अध्यक्ष, उपाध्यक्ष र कार्यालय प्रमुख भन्नाले इच्छाकामना गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जनाउछ ।

ठ) वडा अध्यक्ष भन्नाले कार्यक्रम अन्तर्गतका परियोजनाहरु र योजनाहरु सञ्चालन भएका सम्वन्धित वडाका वडा अध्यक्षलाई जनाउनेछ ।

ड) **विपन्न उत्थान कोष** भन्नाले इच्छाकामना गाउँपालिकामा सञ्चालित हुने विपन्नको आगनमा स्थानीय सरकार कार्यक्रमलाई **विशेष** कार्यक्रमको रुपमा सञ्चालन गर्नको लागि **सरकारी कारोवार निर्देशिका, २०७७ मा भएको व्यवस्थाको पालना समेत गर्ने गरी यसै ऐन र कार्यविधि** बमोजिम विशेष काम, कर्तव्य र अधिकार भएको यस ऐन-कार्यविधिले सम्वन्धित परिच्छेदमा प्रस्तावित गरेको कोषलाई जनाउनेछ ।

ढ) **क्षमता विकास सेवा** भन्नाले विपन्नहरुको शैक्षिक, स्वास्थ्य, क्षमता विकास, सचेतना, आय आर्जन, व्यवसाय सञ्चालन र सीप विकास तालिम लगायतका क्षेत्रमा प्रदान गरिने व्यवस्थापकीय र प्राविधिक वा वित्तीय सेवा भन्ने जनाउछ ।

ण) **साझेदार संस्था** भन्नाले कार्यक्रम संचालनका लागि वित्तीय सहयोग, प्राविधिक सेवा, जनशक्ती र अन्य सहयोग उपलब्ध गराई **तोकिएको शर्त अनुसार** विकास साक्षेदारका रुपमा कार्य गर्ने **दातृ निकाय, अन्तराष्ट्रीय र स्थानीय गैसस, अन्य सहयोगी संस्था**, सहकारी वा सामुदायिक संस्थाहरुलाई जनाउछ ।

त) विपन्न उत्थान शाखा वा इकाइ वा परियोजना कार्यान्वयन इकाई यस कार्यक्रमको व्यवस्थापनका लागि तोकिएको सामाजिक विकास शाखा र उपशाखा वा अन्तर्गतको इकाइलाई जनाउनेछ ।

थ) **सहकारी पसल** भन्नाले कार्यक्रमको सहयोगमा गा.पा.वाट विऊ पूँजी उपलब्ध गराई विपन्न सदस्यहरुको समूहबाट सहकारीकरण भै स्थापना भएको **उत्पादक सहकारी संस्था लि.** बाट यस **कार्यविधि** अनुसार सञ्चालित सहकारी पसल भनिन्छ ।

द) **परियोजना वा आयोजना** भन्नाले **नेपाल सरकार वा प्रदेश सरकारको विशेष अनुदानको शीर्षकबाट वा समपुरक अनुदानको** शीर्षकबाट अन्य सहयोग वा गा.पा.को आफ्नै निशर्त बजेट रकमहरुबाट विपन्नको आँगनमा स्थानीय सरकार कार्यक्रम अन्तरगतका आयोजना वा परियोजना वा स्कीम वा क्रियाकलापहरुलाई समेतलाई जनाउछ ।

ध) **विशेष तथा समपुरक अनुदान** भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारले कार्यक्षेत्र तथा प्राथमिकता तोकी जारी गरेको सम्वन्धित कार्यविधि अनुसार गा.पा.को यस कार्यक्रम तथा गरिबी निवारण लगायत अन्य तोकिएको कार्यका लागि पेश गरिएको आयोजना तथा कार्यक्रमका लागि विनियोजन तथा प्राप्त हुने अनुदान भन्ने जनाउछ ।

न) **कार्यकम निर्देशक समिति, कार्यान्वयन समिति, विपन्न उत्थान कोष व्यवस्थापन समिति, परियोजना सहजिकरण समिति तथा उपभोक्ता-लाभग्राही समिति** भन्नाले यसै ऐन-कार्यविधिमा उल्लेख गरिएको काम, कर्तव्य र अधिकार भएको समितिलाई जनाउनेछ ।

प) **अनुसूची** भन्नाले यस कार्यविधिमा रहेका अनुसूचीहरुलाई जनाउनेछ।

..........**सरोकारवाला तथा गापा पदाधिकारीहरुको राय लिने र थपघट एवम परिमार्जन गर्ने**.....

## परिच्छेद -२

## उद्देश्य, लक्षित समुह र कार्यक्षेत्रः

३) **कार्यविधिको उद्देश्यः गरिवी निवारण सम्वन्धी अवधाराणापत्र** तथा आ.व. ०७७ र ७८ देखि प्रारम्भ गरेको **विपन्नको आँगनमा स्थानीय सरकार कार्यक्रम**को मूल नीति, योजना र क्रियाकलापलाई थप व्यवस्थित, एकिकृत समन्वयात्मक र प्रभावकारी बनाउनका लागि यस कार्यविधिको तर्जुमा गरिएको हो । जसका मुख्य मुख्य उद्देश्य देहाय वमोजिम छन् ।

क) इच्छाकामना गा.पा.क्षेत्र भित्र नेपाल सरकार, प्रदेश सरकार तथा दातृ र अन्य निकायहरुबाट भए गरेका गरिवी निवारण सम्वन्धी छरिएर रहेका कार्यक्रमहरुको एकीकृत अभिलेख र प्रतिवेदनमा सहयोग पूऱ्याउनु ।

ख) माथि उल्लिखित कार्यक्रमका अलावा यस गा.पा.ले साविकमा गाउँसभाबाट नीतिगत प्रवन्ध गरी विनियोजन गरेका गरिवी उत्थान तथा सहयोग सम्वन्धी कार्यक्रमको सु-स्पष्ट र एकीकृत अभिलेख राखी प्रतिवेदन तयार गर्नु ।

ग) माथि क र ख को कार्यक्रमबाट सम्बोधन हुन नसकेका वा न्यून सेवा पुगेका यस गाउँपालिका क्षेत्रभित्र विभिन्न वडामा रहेका विपन्न वर्गका व्यक्ति, परिवार तथा समुदायको आर्थिक तथा सामाजिक उत्थान गर्नका साझेदारी अवधारणामा आधारित सिर्जनात्मक, मौलिक तथा नव प्रर्वतन कार्यक्रम वा आयोजनाका रुपमा विपन्नको आगनमा स्थानीय सरकार कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नु ।

घ) संघ तथा प्रदेश सरकारका कार्यक्रमहरुसंग समेत सामाञ्जस्यता वा तादाम्यता हुने गरी कार्यक्रमको कार्यान्वयन तथा एकीकृत अभिलेख राख्ने व्यवस्था मिलाउनु ।

ङ) राष्ट्रिय तथा स्थानीय गैससहरुको कार्यकम तथा श्रोत साधनलाई समेत एकीकृत गर्नु ।

च) स्थानीय निजी क्षेत्र, सामुदायिक संघसंगठन र सहकारी, समूह, क्लव आदिलाई समेत निजहरुको चाहना र सरकारी कारोवारका प्रावधानहरु समेतका आधारमा यस गा.पा.ले तयार गरेको शर्त अनुसार यस कार्यक्रमको छातामा समावेश गर्न वातावरण र आधार प्रदान गर्नु ।

छ) विकास व्यवस्थापन तथा सेवा प्रवाहमा स्थानीय स्वशासन तथा सहशासनका राम्रा अभ्यासहरुको प्रवर्द्धन गर्नु ।

ज) कार्यक्रम कार्यान्वयनमा विधि परिपालना, उत्तरदायित्व प्रणाली र पारदर्शिता मार्फत सुशासन प्रवर्द्धन गर्न मद्दत पूऱ्याउनु ।

झ) विकासको लाभ तल्लो वर्गमा पूऱ्याई गाउँ सरकारप्रति जनविश्वास अभिवृद्धि गर्न सहयोग पूऱ्याउनु ।

ञ) दिगो विकास लक्ष्यमा रहेका गरिवीसग सम्वन्धित लक्ष्य र सूचकहरु तथा नेपाल सरकार र प्रदेश सरकारका गरिवी निवारण सम्वन्धी नीति,लक्ष्य र त्रियाकालपाहरुसग तादाम्यदा कायम हुने गरी यी विषयहरुलाई स्थानीयकरण गर्न मद्दत पूऱ्याउनु ।

ट) कोभिड-१९ समेतले उत्पन्न गरेको असहज अवस्थालाई सम्वेदनशील भै सवोधन गर्नका लागि सोको व्यवस्थापनमा स्थानीय तहले पुरा गर्नुपर्ने दायित्व र कार्याहरुलाई समेत नीतिगत वल पूऱ्याउनु ।

## ४. लक्षित समूहः

इच्छाकामना गाउँपालिका क्षेत्र भित्ररहेका तथा यस ऐन( कार्यविधिको मापनको आधारमा विपन्न वर्गकोरुमा पहिचान भएका र सो अनुसार गापावाट परिचय प्राप्त गरेका मूलतःदेहायका प्रकर्तिका नागरिकहरुलाई यस कार्यकंमको लक्षित वर्ग भित्र समेटिएको छः

१) अति गरिविको रेखामुनि रहेका व्यक्ती, परिवार र समुदायहरु ।

२) नेपाल सरकारले वितरण गर्ने परिचयपत्रका आधारमा पहिचान गरिएका व्यक्ति, परिवार र समुदायहरु मध्ये अति गरिव, नेपाल सरकारवाट परिचयपत्र वितरण नगरेसम्म गापावाट यस कार्यविधि अनुरुप पहिचान गरि परिचयप्राप्त व्यक्ति तथा परिवार र समुदाय,

३) समय समयमा तोकीएका वा पहिचान गरिएका अति सिमान्त वर्ग, लोपोन्मुख जाती तथा असहायहरु, सडक वाल वालिका, आमा तथा वावु दुवै नभएका टुहुरा नावलकहरु, तथा हिंसा पिडित महिलाहरु ।

४) कोभिड- १९ वा कोरोना भाइरस, तथा अन्य विपत्तीबाट प्रभावित तर आफ्नो जीवन निर्वाह गर्न नसक्ने जोखिममा रहेका व्यक्ती, परिवार र समुदायहरु, ज्येष्ठ नागरिकहरुहरुलाई विपद् व्यवस्थापन र अन्य नीतिमा दोहोरो सेवा सुविधा नपर्ने गरी सम्बोधन गर्नुपर्ने समुदाय तथा परिवार ।

५) अपाङ्गहरु ।

६) सम्वन्धित वडाबाट सिफारिश भै समय समयमा गाउँ कार्यपालिकाले तोकेको व्यक्ति तथा सीमान्तकर्ता जाती वा समुदायहरु ।

७) विपन्न तथा लक्षित वर्गहरुको मोटामोटी सूची अनुसूची १ मा उल्लेख गरिएको छ ।

**५. यस कार्यक्रम अन्तर्गत गरिने "मुख्य मुख्य कार्यक्रम तथा क्रियाकलापहरु"**

यस गा.पा.ले स्वीकृत गरेको गरिबी निवारण सम्वन्धी आधारपत्रमा उल्लिखित उद्देश्य तथा क्षेत्र, स्थानीय सरकार सञ्चालन ऐन, २०७७ मा उल्लिखित कार्यहरु तथा अन्य कानूनमा स्पष्टरुपमा उल्लेख भएका अति विपन्न वर्गका उत्थानका लागि गरिने यस कार्यक्रमबाट देहायका क्रियाकलापहरु गरिनेछन् ।

क) पहिचानका लागि गरिने सर्वेक्षण र विश्लेषण तथा वडागत अभिलेख,

ख) विशेष अनुदान तथा समपुरक अनुदानवाट सम्पादन गर्न सकिने कार्यक्रम तथा योजनाहरु,

ग) आय आर्जनका क्रियाकलापहरुः,

घ) सहकारी प्रर्वधन,

ङ) कृषि र लघु उधम्,

च) क्षमता विकासको योजनाहरु,

छ) इच्छाकामना गापाको आवधिक योजना तथा गाउँ सभाबाट पारित गरिवी निवारण सम्वन्धी सम्वन्धित योजनाहरु,

उल्लिखित क्षेत्रबाट गरिने थप मोटामोटी कार्यक्रम तथा क्रियाकलापहरु **अनुसूची २ मा उल्लेख गरिएको छ।**

**६. १) विपन्नको पहिचान, विश्लेषण र अभिलेखः**

नेपाल सरकारबाट गरिव घर परिवार पहिचान तथा परिचयपत्र वितरण भै सकेपछि सोलाई समेत आधार लिइ समायोजन र पुनरावलोकन हुने तथा अधावधिक हुने गरी हाललाई गाउँ कार्यापालिकाले तोकेको मापदण्ड वा मापनको आधारमा पहिचान हुने गरी देहायको प्रक्रिया पुरा गरी उक्तानुसारको कार्य गरिनेछ।

क) यस गाउँपालिकामा विपन्नको आगनमा स्थानीय सरकार कार्यकमका लागि **अनुसूचि-१** अनुसारको घर धुरी सर्वेक्षण गरी लगत संकलन गरिनेछ।

ख) उक्त अनुसार घरधुरी सर्वेक्षण भएपछि **अनुसूचि-२** अनुसार विश्लेषण गरी विपन्न वा अति गरिव व्यक्ति, परिवार तथा समुदाय पहिचान गरिनेछ।

ग) तत्पश्चात सोको पहिचान र अभिलेखको आधारमा **अनुसूची-३** बमोजिम वडागत आधारमा परिचयपत्रको तयारी र वितरण गरिनेछ।

घ) नेपाल सरकारवाट तयार गरिएको गरिव घर परिवार पहिचान तथा परिचयपत्र वितरण भएपछि सो लाई मुख्य आधार लिइनेछ।

च) कार्यक्रमको कार्यान्वयनका लागि स्थानीय सामुदायिक संगठनहरुको छनौट, उनीहरुसंग सहकार्य र साझेदारी गरिनेछ ।

छ) नेपाल सरकार लगायत अन्य निकायका कार्यक्रम र सुविधामा दोहोरोपना नहुने गरी कार्यक्रमको प्राथमिकिकरण गरिनेछ ।

ज) विपन्नको पहिचानदेखि परिचयपत्र वितरण र कार्यक्रमका अन्य क्रियाकलापहरुमा एक समझदारीपत्र वनाई **अनुसूचि-४** अनुसार साझेदारहरुलाई संलग्न र साझेदारी गरिनेछ ।

झ) साझेदारहरुको प्रस्तावका आधारमा तिनीहरुको वार्षिकरुपमा सूची रोष्टर तयार पारिनेछ । **अनुसूची...५**......

**६. २) योजना छनौट र योजना क्षेत्र प्राथमिकीकरण र कार्यान्वयन चरण:**

क) **सुरुका वर्षमा नमूना योजनाको/परियोजनाको रुपमा कार्यक्रम कार्यान्वयन/सञ्चालन-पाइलोटि प्रोजेक्ट-** उक्तानुसार पहिचान, विश्लेषण र अभिलेखका आधारमा छनौट भै परिचय पत्र वितरण गरिएका व्यक्ति तथा समुदायहरुको विकास र सहयोगका लागि प्राथमिकिकरणका नीति अवलम्वन गरिनेछ । तर्जुमा गरिएका योजना तथा कार्यक्रमहरु गाउँपालिकाको व्यवस्थापकीय क्षमता, श्रोतको अवस्था-एवम दातृ संस्थाहरुको सहयोगको अवस्था हेरी प्रथम चरणमा एक वा दुइवडाका कुनै विपन्न सामुदायिक वस्ती र टोलमा नमूना परियोजना कार्यान्वयन गरिनेछ ।

नमूना परियोजनाको अनुभवका आधारमा क्रमशः गाउँ पालिकाका सबै विपन्न क्षेत्र तथा समुदायका लक्षित वर्गले सेवा र सुविधा पाउने गरी कार्यक्रमको कार्यक्षेत्र विस्तार गरि कार्यान्वयन र प्राथिमिकीकरण गरिनेछ ।

सुरुका चरणहरुमा अति गरिवहरुलाई प्राथमिकता दिइनेछ। कार्यक्रमको कार्यान्वयनका क्रममा नेपाल सरकार लगायत सरोकारवालाहरुबाट प्राप्त हुने सुझावलाई ग्रहण गरी कार्यान्वयनको कार्यनीति तथा कार्यढाँचामा-मोडालिटिमा सूधार परिमार्जन र हेरफेर गरिनेछ ।

## परिच्छेद-३

### संस्थागत व्यवस्था:

**७. कार्यक्रम निर्देशन समिति:**

यस गाउँपालिकामा रहने सो कार्यक्रमको नीतिगत व्यवस्थाको प्रवन्ध, सभा र कार्यपालिकासंग समन्वय गर्न, अन्तर तह तथा सरोकारवालाहरुसंग समन्वय एवम् कार्यान्वयन संयन्त्र लगायतलाई मार्गदर्शन गर्न तथा चौमासिक अनुगमन गर्न गराउन देहाय वमोजिमको कार्यकम निर्देशन समिति रहनेछ ।

| | |
|---|---|
| संयोजक | अध्यक्ष, |
| सदस्य | उपाध्यक्ष |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | सामाजिक विकास समितिको सयोजक |
| सदस्य | गापा कार्यपालिकावाट तोकिएको लक्षित वर्गको प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य/महिला प्राथमिकता |
| सदस्यः | |
| सदस्य सचिव | सामाजिक विकास शाखाको प्रमुख |

समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ, यस समितिको काम, कर्तव्य र अधिकार:

क) कार्यक्रमको नीतिगत व्यवस्थाको प्रवन्धको व्यवस्था र पुनरावलोकन।

ख) सभा र कार्यपालिकासंग समन्वय गर्न ।

ग) नेपाल सरकार लगायत अन्तरतह तथा सरोकारवालाहरुसंग समन्वय र परामर्श गर्ने गराउने ।

घ) कार्यान्वयन संयन्त्र लगायतलाई मार्गदर्शन गर्ने ।

ङ) चौमासिक अनुगमन गर्ने गराउने तथा उत्तरदायित्वका औजारहररुको माध्यमबाट कार्यक्रमको समिक्षा गर्ने ।

च) सरकारी कारोवार निर्देशिका अनुसार छुट्टै कोष व्यवस्थापनका लागि नीतिगत पहलका लागि तालुक निकायहरुमा समन्वय र परामर्श गर्ने ।

छ) बाधा अड्काउ फुकाउका लागि कार्यपालिका र सभामा राय सहित पेश गर्ने ।

ज) अन्य आवश्यक सक्षेका कार्यहरुः

झ) कार्यक्रम कार्यान्वयन समितिका लागि सरोकारवालाहरुको तर्फवाट सदस्य तोक्ने ।

ञ) कार्यक्रमको कार्यान्वयनमा कार्यान्वयन कार्यतालिका र आवश्यकता अनुसार कार्यसम्पादन करार गरी प्रोत्सहान प्रणालीको अवलम्वन गर्ने ।

**८. कार्यक्रम कार्यान्वयन समितिः**

**क) यस कार्यक्रमको कार्यान्वयनका लागि देहायको कार्यान्वयन समिति गठन हुनेछः-**

| | | | |
|---|---|---|---|
| सयोजक | सामाजिक विकास समितिको सयोजक | | |
| सदस्य | कार्यक्रम कार्यान्वयन हुने वडाको वडा अध्यक्ष | | |
| सदस्य | कार्यपालिकाको सदस्य | | |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत | | |
| सदस्य | कार्यकम निर्देशक समितिले तोकेको सरोकारवालाको प्रतिनिधि | यस समितिमा प्रतिनिधित्व गर्ने प्रतिनिधिको कार्यकाल १ वर्षको हुनेछ | |
| सदस्य | योजना शाखाको प्रमुख | | |
| सदस्य सचिव | सामाजिक विकास शाखाको प्रमुख | | |

**ख) कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः**

१. मूलत् गाउँ सभा, गाउँ कार्यपालिका तथा कार्यक्रम निर्देशक समिति एवम् यस ऐन-कार्यविधि अनुसारका अन्य कामहरु अगाडि बढाउने ।

२. कोष व्यवस्थापन समितिको रुपमा कार्य गर्ने ।

३. सरकारी कारोवार निर्देशिका, २०७७ को ग-५.१ मा भएको व्यवस्था अनुसार इच्छाकामना गाउँकार्यपालिकाको विशेष कोषको खाता सञ्चालन गर्ने गराउने ।

तर सोही निर्देशिका र प्रचलित अन्य कानूनले छुट्टै खाता खोल्न पाउने अवस्था देखिएमा सोही अनुसार गर्ने गराउने।

४.मध्यमकालिन खर्च संरचनामा यस कार्यक्रमलाई निरन्तरता र प्राथमिकता दिन नीति प्रस्ताव सहित गाउँ कार्यपालिका मार्फत सभामा सिफारिश गर्ने ।

५. विशेष अनुदान तथा समपुरक अनुदानवाट सञ्चालन गर्न सकिने आयोजनाको पहिचान र छनौट गरी आवश्यक प्रक्रियागत व्यवस्था मिलाई गाउँ कार्यापालिका मार्फत नेपाल सरकार र प्रदेश सरकारमा योजना माग गर्ने ।

६. कार्यक्रमको योजना तर्जुमा कार्यान्वयन लगायत सवै प्रक्रियामा साझेदार तथा सरोकारवालाहरुसँग समन्वय गर्ने

७. सेवा प्रदायक संस्थाहरुसँग सम्झौता र साझेदारीको औपचारिक निर्णय गर्ने ।

८.विपन्न व्यक्ति परिवार तथा समुदाय पहिचानका लागि अनुसूची वमोजिम पहिचान र छनौट गर्ने गराउने ।

९. सचिवालयलाई कार्यान्वयनमा निर्देशन दिने ।

१०.गरिवी निवारण सम्वन्धी अन्य कार्यक्रमहरुसँग समन्वय गर्ने वा तादाम्यता कायम गर्ने ।

११.वैंक वित्तीय संस्थासंग समन्वय गर्ने ।

१२.विभिन्न विज्ञहरुलाई आमन्त्रित गरी सुझाब लिने र सरोकारवालाहरुसँग अन्तरक्रिया गर्ने ।

१३.सेवा प्रदायक संस्थाको कार्यको अनुगमन र मूल्याङ्कन तथा कार्यक्रमका कर्मचारीहरुको नियुक्तिको सिफारिश गर्ने ।

१४.सचिवालयको क्षमता विकासका लागि कार्यपालिकालाई सिफारिश गर्ने ।

१५.सचिवालयमा रहने छोटो अवधिका कर्मचारी जस्तै गणक र सामाजिक परिचालक आदिको योग्यता तोक्ने ।

१६. उत्पादक सहकारी संस्थाको स्थापना, परिचालन र विकासमा मद्दत पूऱ्याउने ।

१७. विपन्न पसल व्यस्थापनका लागि परियोजना स्थान छनौट गर्ने । साथै सहकारी पसल सञ्चालनका लागि नीति प्रस्ताव, सहकारी संस्थाको विनियम वा कार्यविधि निर्माणमा सहयोग पूऱ्याउने ।

१८. अन्तर निकाय समन्वय सम्वन्धी व्यवस्था मिलाई गा.पा.मा सिफारिश गर्ने ।

१९. परियोजना सहजीकरण समितिको अनुगमन र क्षमता विकास गर्ने ।

२०. कार्यक्रमको उद्देश्य, लक्षित समुह तथा कार्यक्षेत्र भित्र रहेर योजना निर्माणमा मद्दत पूऱ्याई विशेष अनुदान र समपुरक अनुदान लगायतका अनुदान र सहयोगका लागि नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायमा कार्यक्रम निर्देशक समिति, गाउँ कार्यपालिका र सभालाई सहयोग पूऱ्याउने ।

**ग) कोष व्यवस्थापन सम्वन्धी काम, कर्तव्य र अधिकारः**

माथि ख मा उल्लिखित कार्यका अतिरिक्त प्रचलित कानून अनुसार सभाबाट अर्को ऐन- कार्यविधि नबनेसम्मका लागि कोष व्यवस्थापन सम्वन्धी देहायको काम, कर्तव्य र अधिकारको प्रयोग समेत कार्यक्रम कार्यान्वयन समितिले गर्नुपर्नेछ ।

१. इच्छाकामना गा.पा.को गाउँ सभाले स्वीकृत गरेको योजना र विनियोजन गरेको वजेट भित्र रही योजना कार्यान्वयन भएमा सोको भूक्तानीका लागि सिफारिश गर्ने ।

२. गाउँ सभा, गाउँ कार्यपालिका तथा कार्यकम निर्देशक समितिलाई बजेटको अवस्था बारे जानकारी गराउने ।

३. गाउँ सभाको निर्णय वमोजिम गाउँपालिकाको तर्फबाट विनियोजित रकम कोषमा रकम जम्मा गर्ने तथा अन्य दातृ संस्थाहरुले प्रदान गरेको रकमको हिसाव राखी प्रतिवेदन गर्ने ।

४. स्थानीय तह विविध कोष खाता, वैदेशिक सहयोग अनुदान र गैससवाट प्राप्त हुने सहयोगको खाता र अन्य पक्षहरु बाट सरोकारवालाहरु बाट कोषमा प्राप्त हुने रकमलाई सरकारी कारोवार निर्देशिका, २०७७ को प्रावधान मुताविक खाताहरुमा राख्न र खर्च गर्न गाउँ कार्यपालिकाको सचिवालयलाई निर्देशन दिने ।

५. यो खाताको आय व्ययको समेत सुत्र प्रणाली अनुसार नै मासिक लगायतको प्रतिवेदन गर्न निर्देशन दिने ।

६. सुशासन ऐन अनुसार तीन तीन महिनामा खर्च सार्वजनिक गर्ने, तथा नियमानुसार आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्ने ।

७. आर्थिक वर्षको अन्त्यमा कोषमा रहेको मौज्दात रकम सरकारी कारोवार निर्देशिका, २०७६ वमोजिम गाउँपालिकाको सञ्चित कोषमा दाखिल गराउने तथा पुनः गाउँ सभा र कार्यापालिकाको निर्णय अनुसार नयमानुसार विपन्न कोषमा दाखिला गर्ने ।

८. सरोकारवालाहरु वा साझेदारहरुले वा अन्य स्वयंसेवी सहयोगी संस्था वा व्यक्तिहरुले कार्यक्रमको कुनै परियोजना वा क्रियाकलापमा नगद वाहेक गरेको अन्य वस्तुगत सहयोग र प्राविधिक र जनशक्ति सहयोग तथा अन्य सहयोगको मोद्रिक हिसाव देखिने गरी मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने गराउने ।

९. वित्तीय संस्थाहरुसग सहकार्य गरी वित्तीय साक्षरता, पहुच तथा लघु कर्जाको नीति बनाउने र सहकारीलाई सुझाव दिने ।

१०. उत्तरदायित्वका औजारहरुको अवलम्वन गर्ने जस्तै सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई लेखापरीक्षण तथा सामाजिक परिक्षण आदि ।

**घ. सुशासन र प्रोत्साहन सम्वन्धी व्यवस्थाको कार्य गर्ने:**
**यस अन्तर्गत देहायको कार्य गर्ने ।**

१. सचिवालयमा तथा गाउँकार्यपालिकाको कार्यालयको वेभ साइटमा आय व्यय लगायतको विवरणहरु अद्यावधिक गर्ने ।

२. आय व्यय सार्वजनिककरण गर्ने, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण र सामाजिक परीक्षण लगायतका सुशासनका औजार को अवलम्वन गर्ने ।

३. वार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।

४. गुनासो सुन्ने प्रणालीको विकास गर्ने ।

५. कार्यक्रमको कार्यान्वयनमा कार्यान्वयन कार्यतालिका र आवश्यकता अनुसार कार्यसम्पादन करार अनुसार कार्य गरेका सहकारी संस्था, सम्वन्धित वडा समिति, परियोजना सहजीकरण समिति, सरोकारवाला संघसंस्था, टोल विकास समिति तथा पदाधिकारी र सदस्य तथा कर्मचारी र सञ्चारकर्मी र नागरिकलाई प्रोत्सहानका लागि कार्यक्रम निर्देशन समिति र गाउँ कार्यपालिकामा सिफारिश गर्ने ।

६. यस कार्यक्रमको कार्यान्वयनमा असहयोग गर्ने र अवरुद्द गर्ने जस्ता कार्यमा संलग्नलाई प्रचलित कानून अनुसार नियमन र कार्वाही गर्न सरोकारवाला निकायमा सिफारिश गर्ने ।

## परिच्छेद ४
## विपन्न उत्थान कोषः

**९. विपन्न उत्थानकोषको स्थापनाः**

यस इच्छाकामना गाउँपालिकामा विपन्नको आगनमा स्थानीय सरकार कार्यकम कार्यान्वयनका लागि साक्षा प्रयासका लागि समिश्रित वित्तव्यवस्थाका को प्रवन्ध गरिनेछ। गापाले सशर्त अनुदान रकमको शीर्षक वाहेकको रकमवाट मात्रै यस कोषमा आफ्नो तर्फवाट सभाको निर्णय वमोजिम रकम विनियोजन गरि एक छुट्टै वजेट शीर्षकमा राखिनेछ । गाउँ पालिकाको सञ्चित कोष रहेको बैकमा यसको खाता रहनेछ । यसको खर्चलाई पनि गापाको सूत्र प्रणालीमामा आवद्ध हुने गरि वित्तीय सूचनामा समावेश गरिनेछ ।यसवाट गरिने कार्यकमको प्रस्ताव वार्षिक योजना तर्जुमा कै चरणमा गरिनेछ भने योजनाको छनोट, वजेट विनियोजन र खर्चहरु कार्यान्वयन समितिको सिफारिशमा यस ऐन(कार्यविधिका अन्य व्यवस्थाहरुको पालना गरी गाउँ कार्यपालिकावाट हुनेछ ।

यसैवीच, यस कोषमा रहने रकमको हकमा नेपाल राष्टवैक तथा मलेनिकावाट हालै जारी भै कार्यान्वयनमा आएको सरकारी कारोवार निर्देशिका, २०७६ वमोजिम विविध खाता लगायतका व्यवस्थाहरु अवलम्वन गरिनेछ ।

**१०. कोषको उदेश्यः**

१. इच्छाकामना गाउँपालिकामा सञ्चालित विपन्नको आगनमा स्थानीय सरकार कार्यकमकाको यस ऐन- कार्यविधि अनुसार योजना, साना परियोजना तथा त्रियाकलापहरु कार्यान्वयन गर्ने र विपन्नलाई राहात एव सुविधा प्रदान गर्नु यस कोषको उद्देश्य हो ।

२. यसको अन्य उद्देश्य देहाय अनुसार हुनेछ ।

क. इच्छाकामना गाउँपालिकाभित्र रहेका विपन्नहरुको आर्थिक, सामाजिक तथा मानवीय अवस्थामा सुधार ल्याउन लगानी गर्नु ।

ख. गरिबी निवारण सम्वन्धी कार्यक्रमका लागि स्रोतको सुनिश्चितता गर्नु ।

ग. दातृ निकायबाट लागि कोषमा प्राप्त रकमलाई पारदर्शी र विश्वसनीयरुपले अभिलेख राखी लक्षित वर्गमा खर्च गर्ने व्यवस्था मिलाउनु ।

घ. बिपद्जन्य प्रकोपबाट लामो समयसम्मका लागि असहाय भएकाका लागि उक्त कार्यक्रमबाट छुट हुन गएको वर्गलाई सम्बोधन गर्नु ।

ङ. जोखिममा रहेका समुदाय र व्यक्तिको उद्दार गरी राहत प्रदान गर्नु ।

च. विपन्नलाई आय र निमुखालाई न्याय प्रदान गर्नु ।

छ..कमजोर वर्गलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।

ज. विपन्न सम्वन्धी गतिविधिमा वित्तीय सुशासन कायम गर्नु ।

झ. आय र व्ययको प्रक्षेपण गरी प्राथमिकता र आवश्यकताको आधारमा क्रियाकलापहरुलाई बजेटको प्रवन्ध गर्नु ।

ञ. विधुतीय सूचना प्रणाली अवलम्वन गरी आय व्ययको विवरण पारदर्शी र व्यवस्थित रुपले राख्नु ।

ट. गैर वित्तिय सहयोगको मोद्रिक हिसाव राख्ने व्यवस्था मिलाउनु ।

ठ. कोषको आम्दानीलाई हालै जारी भै कार्यान्वयनमा आएको सरकारी कारोवार निर्देशिका, २०७६ वमोजिम विविध खातामा

समावेश गरी कार्यान्वयन गर्नु ।

ङ. कोभिड-१९ का लागि गाउँपालिकाले तर्जुमा गरेको कोरोना सम्बेदनशिल योजना, क्षेत्र र कार्यक्रममा नेपाल सरकार तथा प्रदेश सरकारको नीतिगत निर्देशन र सन्दर्भ सुझाव समेतलाई हेरी छुट्टै योजना बनाई खर्च गर्न नीतिगत र कानूनी प्रवन्ध गर्नु ।

३. यस कोषमा देहायको रकमहरु समावेश गरिनेछ ।

क. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुन आउने वित्तीय समानीकरणको अनुदानबाट कोषको प्रयोजनका लागि विनियोजित भै प्राप्त रकम ।

ख. राजस्व बाँडफाँडवाट प्राप्त हुने तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान तथा समपुरक अनुदानको रकम तर यस कार्यक्रमबाट गाउँ पालिकाको कार्यपालिका हुदै पेश भएको वा माग भएको प्रस्तावित योजना वा कार्यक्रममा प्राप्त हुने विशेष र समपुरकको रकम गाउँ पालिकाको सञ्चित कोषमा मात्र जम्मा हुने नीति रहेको अवस्थामा उक्त रकमलाई यस बमोजिमको कोषमा नराखी कार्यक्रमको एकीकृत वा कूल योजना वा वित्तीय प्रगति प्रतिवेदनमा समावेश गरिनेछ ।

ग. सम्झौता अनुसार विभिन्न दातृ संस्था वा विकास साझेदार हरुवाट प्राप्त हुने रकम, तर सोका लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनुपर्छ ।

घ. आन्तरिक श्रोतबाट प्राप्त रकम ।

ङ. स्थानीय गैसस र सामुदायिक संघसंगठनबाट प्राप्त रकम ।

च. अन्य दाताहरुबाट स्वेच्छिकरुपमा प्राप्त हुने रकम ।

छ. लाभग्राही व्यक्तिहरुबाट गरिने सहभागिताको रकम ।

ज. विविध स्रोतबाट प्राप्त रकम ।

झ. विपन्न कोषमा वित्तीय रकम बाहेक अन्य हिसावले सहयोग गर्ने प्रतिवद्दता भएकोमा जस्तै जनशक्ति वा वस्तुगत सहायता आदि लाई छुट्टै हिसाव राखि अभिलेख जनाइनेछ ।

वस्तुगत तथा अन्य प्राविधिक सहायताको मोद्रिक मूल्य मूल्याङ्कन अनुसूची बमोजिम गरिनेछ ।

ञ. कोषको रकम वैदेशिक सहयोग उपलब्ध गराउनका लागि सम्वन्धित दातृ निकाय तथा अन्तराष्ट्रिय गैससले विकास सहायता नीति अनुसार नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनुपर्नेछ ।

ट. वैदेशिक सहायता तथा अ.गैससबाट प्राप्त हुने अनुदान सहायताको रकमलाई हालै जारी भै कार्यान्वयनमा आएको सरकारी कारोवार निर्देशिका, २०७७ बमोजिम तोकिएको अनुदान खातामा जम्मा गरी कोषको मूल खातामा श्रेस्ता व्यवस्थापनको अभिलेख राखिनेछ ।

४. कोषको रकम बिभाजन:

माथि दफा ६ मा उल्लिखित कार्यहरुमा गरिने क्रियाकलापहरुमा यस कोषवाट देहाय वमोजिम रकम विनियोजन वा बाँडफाँड गरिनेछन् ।

क. पूर्वाधार निर्माण- आवास, खानेपानी आदि ।

ख. आय आर्जन- कर्षि लघु उधम् ।

ग. सहकारी पसल- हाट बजार ।

घ. शिक्षा ।

ङ. स्वास्थ्य ।

च. क्षमता विकास ।

छ. सचेतना कार्यक्रम ।

ज. राहत ।

झ. सचिवालय खर्च र लजिस्टिक सपोर्ट ।

ञ. समितिले आवश्यक सक्षेका कार्यक्षेत्रहरु ।

उक्तानुसार क देखि ड सम्मका लागि ७० प्रतिशत तथा च देखि ञ सम्म ३० प्रतिशत वजेट विनियोजन वा बाँडफाँड गरिनेछ ।

ट. दातृ संस्था र अन्य साझेदारहरुबाट हुने छुट्टै परियोजनाको हकमा आपसी समझदारी अनुसार हुनेछ ।

**११. विपन्न उत्थान कोषको लेखा र खर्च सीमाः**

क. माथि तोकिएका क्षेत्रहरुमा लगानी गर्ने गरी स्थापना गरिएको यस कोषवाट अन्य नियमित प्रकृतिका कार्य र चालु खर्चमा व्यय गर्न सकिने छैन ।

ख. यस कोषको खाता सञ्चालन हाल प्रचलित नीति तथा सरकारी कारोवार निर्देशिका, २०७७ हुनेछ ।

ग. यस शीर्षकको रकम गा.पा.को सूत्र प्रणाली भित्रै रहेर प्रचलित कानून अनुसार नै निकासा, खर्च र प्रतिवेदन एवम् लेखा परिक्षण हुनेछ ।

घ. विपन्न वा अति गरिबका लागि यस कार्यक्रममा भएको लगानी र खर्चको अभिलेखको छुट्टै हिसाव देखिने गरी गरिवी निवारण सम्वन्धी अन्य कार्यक्रमहरुको विनियोजन वा आय व्ययको एकीकृत तथ्याङ्क प्रणालीमा आवद्ध गर्न सकिनेछ ।

ङ. प्रचलित कानूनको प्रतिकुल नहुने गरी तथा लेखा सूचना प्रणालीमा तादम्यता हुने गरी यस कोषलाई व्यवस्थापन तथा उपयोग गरिनेछ ।

च. कोष व्यवस्थापन सम्बन्धी थप प्रावधान भएको कानून वा नियम नवनेसम्म हाललाई प्रचलित कानूनको प्रतिकूल नहुने गरी यसै कार्यविधि अनुसार आय व्यय, आन्तरिक तथा अन्तिम लेखापरिक्षण तथा खर्च नभएका रकम नियमानुसार गाउँपालिकाको सञ्चितकोषमा जम्मा हुने र आगामी आ.व. का लागि गाउँ सभाले निर्णय गरे वमोजिम रकमको व्यवस्था हुनेछ ।

छ. वस्तुगत तथा अन्य प्राविधिक सहायताको मोद्रिक मूल्य मूल्याङ्कन गाउँ पालिकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा १३ बमोजिम निर्धारण गरेको ज्याला लगायतको रेट वमोजिम हिसाब राखिनेछ ।

## परिच्छेद- ५
## विभिन्न निकाय तथा सरोकारवालाहरुको भूमिकाः

### १२. गाउँ सभाको भूमिकाः

क. विपन्नको आगनमा स्थानीय सरकार कार्यक्रमका लागि विशेष प्राथमिकता दिई गाउँ सभावाट नीतिगत प्रवन्ध, योजना स्वीकृति र वजेट विनियोजन गर्ने ।

ख. दातृ संस्थाहरुका लागि नीतिगत वातावरण मिलाउने ।

ग. कार्यक्रमलाई बल पुऱ्याउन थप स्थानीय कानूनहरुको प्रवन्ध समेत गर्ने ।

घ. कार्यपालिका, कार्यक्रम निर्देशन समिति, कार्यान्वयन समिति तथा कोष व्यवस्थापन समितिलाई मार्गदर्शन गर्ने ।

ङ. कार्यक्रमको वार्षिक समिक्षा गर्ने र सुझाव प्रदान गर्ने ।

च. नेपाल सरकार, प्रदेश सरकार तथा सरोकारवाला निकायहरुसंग सभाको तर्फवाट गर्नुपर्ने समन्वय र सहकार्यको नीतिगत र कार्यक्रमगत वातावरण निर्माण गर्ने ।

छ. विशेष अनुदान र समपुरक अनुदान वा यस्तै प्रकार सम्वन्धित कार्यकमहरुमा नीतिगत प्रावधान वमोजिम योजना वा कार्यक्रमहरु समावेश गर्न गराउन कार्यापालिकालाई निर्देशन दिने ।

ज. गाउँ कार्यपालिकालाई गाउँ सभा नभएको समयमा कार्यक्रमको कार्यान्वयनमा कुनै बाधा अड्काउ फुकाउनु पर्ने भए सो गरी सभामा स्पष्ट प्रतिवेदन पेश गर्न निर्देशन दिने ।

**१३. गाउँ कार्यपालिकाको भूमिकाः**

क. गाउँ सभाको नीतिगत निर्णयको कार्यान्वयन गर्ने गराउने ।

ख. संघीय सरकार, प्रदेश सरकारवाट गरिबी निवारण सम्वन्धी विषयमा निर्धारण गरिएका नीतिसंग तादाम्यता हुने गरी कार्यक्रममा सुधार गर्न गाउँ सभामा प्रस्ताव लग्ने र मातहतका समितिहरुलाई सो अनुसार कार्यान्वयन गर्न निर्देशन दिने ।

ग. विपन्न परिचय पत्रको स्वीकृति र प्रयोगमा ल्याउने ।

घ. विशेष अनुदान तथा समपुरक अनुदान वा कार्यक्रमको कार्यान्वयनका लागि योजना तथा विकास कार्यक्रमहरुको प्रस्ताव र कार्यान्वयन गर्ने ।

ङ. कार्यक्रम निर्देशन समिति, कार्यान्वयन तथा कोष व्यवस्थापन समिति, तथा वडा समिति, परियोजना सहजीकरण समिति लगायतको काममा नियमन र निरिक्षण गर्ने ।

**१४. सामाजिक विकास समितिको भूमिकाः**

क. यो कार्यक्रम समितिको कार्यक्षेत्रभित्र रहेकाले कार्यान्वयनका लागि नीतिगत सुझाव प्रदान गर्ने ।

ख. नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।

ग. निर्देशक र कार्यक्रम समिति तथा कोष व्यवस्थापन समितिलाई सुझाव दिने ।

घ. गरिबी निवारणसंग सम्वन्धित अन्य कार्यक्रम र समितिको कार्यक्षेत्रसंग सम्वन्धित अन्य कार्यक्रमहरुसंग समन्वय र तादाम्यता कायम गर्न सुझाव दिने ।

## १५. वडा समिति तथा  कार्यालयको भूमिकाः

क. विपन्न व्यक्ति परिवार तथा समुदायको छनौटका लागि सर्वेक्षण लगायतका कार्यमा सहयोग गर्ने, तथा आवश्यकता अनुसार स्थानीय अन्तरक्रियामा संयोजन गर्ने ।

ख. आफ्नो वडामा रहेका लोपोन्मुख तथा सीमान्तकृत समूदायको सूचि गाउँ कार्यपालिकामा उपलब्ध गराई निर्णय गराउने तथा गलत विवरण दिनेलाई सूचिबाट हटाउन गा.पा.लाई सूचना दिने ।

ग. परियोजना कार्यान्वन सहजिकरण समितिलाई परियोजना र कार्यक्रमको कार्यान्वयनमा मद्दत गर्ने, र परियोजनाको अनुगमन निरीक्षण र सुझाव प्रदान गर्ने ।

घ. सचेतना कार्यकम सञ्चालन गर्ने ।

## १६. दातृ संस्थाहरुको भूमिकाः

क. विकास सहायता नीति अनुसार गाउँपालिकाको यस कार्यक्रम तथा अन्य कार्यकममा सहभागि हुन नेपाल सरकारको पूर्व स्वीकृति लिने ।

ख. गाउँ सभा, कार्यपालिका तथा कार्यान्वयन समितिमा आ-आफ्नो परियोजना प्रस्ताव गर्ने ।

ग. कार्यान्वयनमा सहकार्य गर्ने ।

घ. साझेदारीको समझदारीमा सम्झौता गर्ने र शर्त अनुसार कार्य गर्ने ।

ङ. गाउँ पालिकालाई यस कार्यक्रमको प्रभावकारी कार्यान्वन गर्न आवश्यक परामर्श र प्राविधिक सहयोग पूर्‍याउने ।

च. कार्य र उपलब्धीको नियमित प्रतिवेदन गा.पा.मा प्रस्तुत गर्ने ।

छ. पारदर्शीरुपले कार्य गर्ने तथा आवश्यकता अनुसार संयुक्त अनुगमन समितिको माध्यमवाट कार्यक्रमको अनुगमन गर्ने ।

ज. गाउँपालिकाको सञ्चित कोष तथा यस कार्यक्रमको विपन्न कोषमा वजेटरी सहयोग गर्ने कामलाई पहिलो जोड दिने तर सो हून नसकेमा नेपाल सरकारको नीतिको प्रतिकूल नहुने गरी कार्यकम सहयोग वा परियोजना सहयोग गर्ने ।

**१७. स्थानीय साझेदारहरुको भूमिकाः**

क. गाउँ सभा,कार्यान्वयन समिति र गाउँ कार्यपालिकामा प्रस्ताव प्रस्तुत गर्ने ।

ख. आफ्नो तर्फवाट गरिने साक्षेदारीको अश कोषमा जम्मा गर्ने ।

ग. वित्तीय साझेदारी नभै वस्तुगत तथा प्राविधकर जनशक्ती सहयोग गर्ने भएमा कार्यान्वयन समिति तथा कोष व्यवस्थापन समितिमा आफूले पुऱ्याउने वा गरेको कार्यको मोद्रीक मूल्य कायम गर्न र प्रतिवेदन तयार गर्ने कार्यमा मद्दत पुऱ्याउने ।

घ. विपन्नलाई सीप विकास र प्रविधि हस्तान्तरणमा सहयोग पुऱ्याउने ।

ङ. विपन्न घरधुरी संकलनका लागि खटि जाने गणकको वा सुपरिवेक्षकको व्यवस्था गर्ने ।

च. विपन्न व्यक्ति परिवार र समुदायको सर्वेक्षणमा सहयोग पुऱ्याउने सोका लागि अनुसूचिहरुका व्यस्थाहरुवारे प्रशिक्षण गराउने ।

छ. गरिबी पहिचानका मान्यता प्राप्त आर्थिक सामाजिक क्षेत्रका अन्य आधारहरु समितिलाई उपलब्ध गराउने ।

ज. विपन्न इकाइ वा सहकारी पसल वा कार्यक्रममा जनशक्ति उपलब्ध गराउने ।

झ. आफूले लिएको वा गरेको कार्यको प्रगति प्रतिवेदन पेश गर्ने र गा.पा.लाई सुझाव दिने ।

**१८. विपन्न उत्थान इकाइको काम, कर्तव्य र अधिकारः**

- गाउँ सभा, कार्यपालिका, कार्यक्रम कार्यान्वयन समिति तथा विपन्न कोष व्यवस्थपानका निर्णयहरुको कार्यान्वयनका लागि सचिवालयको रुपमा कार्य गर्ने ।
- सरोकारवालाहरुको अभिलेख राख्ने र डाटा वेस तयार गर्ने ।
- विपन्नको लगत संकलन गरि राख्ने र डाटा वेस तयार गर्ने ।
- परिचय पत्र उपलब्ध गराउने ।
- सेवा प्रदायक तथा साझेदारहरुसंग कार्यक्रमको सम्झौता गर्ने ।
- वजेट व्यवस्थापनका लागि सूचना उपलब्ध गराउने ।
- कार्यक्रमको विभिन्न परियोजनाहरु तयार गरी समिति मार्फत गा.पा. कार्यपालिका र सभामा पेश गर्ने ।
- सूचना प्रणालीको कार्य गर्ने ।
- प्रतिवेदन तयार गर्ने ।
- भूक्तानीको व्यवस्था तथा खर्च अनुमोदनका लागि पेश गर्ने ।
- दातृ तथा वित्तीय लगायत सरोकारवाला निकायहरुसंग कार्यगत समन्वय गर्ने ।
- वडा समितिहरु संग समन्वय गर्ने ।
- गा.पा.का विभिन्न शाखाहरुसंग समन्वय गर्ने ।

- अनुगमनका लागि सूचना तथा जानाकारीहरु उपलब्ध गराउने ।
- कार्यक्रम कार्यान्वयनको कार्य योजना वनाउने ।
- वैठक तथा निर्णयहरुको अभिलेख राख्ने ।
- सार्वजनिक सुनुवाई लगायतको कार्यहरु नियमित रुपमा गर्ने ।
- सहकारी पसलको अनुगमन र सहजिकरण गर्ने ।
- जनशक्तिको आवश्यकता माग र क्षमता विकास गर्ने ।
- उत्पादक सहकारी पसलको लागि खाता व्यवस्थापन र परामर्श ।
- आवश्यकतामा आधारित समूहमा सीप, क्षमता विकास तथा उधम्शीलता तालिमको व्यवस्था र छोटा तथा मझौला तालिमको सञ्चालन ।
- व्यवस्थापकीय तथा प्रशासनिक कार्य ।

## १९. परियोजना सहजीकरण समितिको भूमिकाः

यस कार्यक्रम अन्तर्गत वडास्तरमा सञ्चालन हुने कार्यक्रम वा परियोजनालाई सहयोग पूर्याउन देहाय वमोजिमको परियोजना सहजीकरण समिति गठन गरिनेछ। जसमा देहाय वमोजिमको समिति र कार्यक्षेत्र रहनेछ।

| | |
|---|---|
| सयोजक | परियोजना रहेको वडाको वडा अध्यक्ष |
| सदस्य | वडा सदस्यहरु मध्ये वडा समितिले तोकेको सदस्य |
| सदस्य | सम्वन्धित परियोजनाका लाभग्राहीहरुको तर्फको / उपभोक्ता समिति वा टोल विकास समितिको सयोजक |
| सदस्य | गाउँपालिकाको विपन्न इकाइको फोकल पर्सन |
| सदस्य सचिव | सम्वन्धित वडाको वडा सचिव |

यस समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क. परियोजना प्रस्ताव गर्ने।

ख. कार्यान्वयन गर्न सहजीकरण गर्ने।

ग. टोल विकास संस्था गठन गर्ने।

घ. उपभोक्ता समितिको गठन, क्षमता विकास लगायतको काममा सहयोग गर्ने तथा स्थानीय विवाद मिलाउने।

ङ. समन्वय गर्ने।

च. वडा समिति र कार्यान्वयन समितिलाई सहयोग गर्ने।

## परिच्छेद-६

### २०. कार्यान्वयन विधि र स्थानीय सेवा प्रदायक सस्थाहरुको छनोटः

क. यस कार्यक्रमको कार्यान्वयनका लागि निर्धारण गरिएका कार्यक्षेत्रहरुमा कार्यसम्पादन गर्नका लागि सहकार्य र साझेदारी गरिनेछ। विपन्नको आर्थिक तथा सामाजिक विकासका निमित्त प्रस्तावित गरिएका कार्यक्रम वा योजनाहरुको कार्यान्वयन देहाय वमोजिम गरिनेछ ।

ख. क. नेपाल सरकार तथा प्रदेश सरकारको विशेष अनुदान तथा समपुरक अनुदान सम्वन्धी कार्यविधि र नीति वमोजिम यस कार्यक्रमको योजनाका लागि स्वीकृत तथा विनियोजित भएका कार्यक्रम तथा योजनाको हकमा सोही कार्यविधिका भएको व्यवस्था वमोजिम सार्वजनिक खरिद ऐन नियम वमोजिम ठेक्का वा उपभोक्ता समिति वा तोकिएको विधिवाट ।

ग. ख. शर्त अनुदानको हकमा सोही अनुदान नीतिमा तोकिएको मार्गदर्शन वमोजिम ।

घ. ग. सार्वजनिक खरिद ऐन नियममा भएको व्यवस्था अनुसारको प्रक्रिया पुरा गर्नु पर्ने आयोजना वा क्रियाकलापहरुमा सोही बमोजिम ।

ङ. घ.सरोकारवालाहरु तथा साझेदारहरुवीचमा यस कार्यक्रमको कुनै एक त्रियाकलाप वा आयोजनावा आयोजनाको कुनै भाग वा अंशको जिम्मा लिई कार्य सम्पन्न गर्न समझदारी गरी सम्झौता गरेको भए सोही संस्था वा निकायको नीतिगत व्यवस्था अनुसार कार्यसम्पादन गरी गाउँपालिकालाईआ आफूले सम्पन्न गरेको आयोजना वा क्रियाकलापको प्रतिवेदन सहित हस्तान्तरण गर्ने वा विवरण उपलब्ध गराउनु पर्नेछ ।

च. साथै स्वयंसेवाको रुपमा वा स्वयंसेवी परिचालन गरी कुनै काम गरेको भए वा साझेदारी गरेको भए सोको कार्यसम्पादनको जानाकारी गराउनेछन् । सोको अभिलेख राखिनेछ ।

छ.. कुनै साझेदारहरुले कार्यकमको सञ्चित वा वास्केट कोषमा वजेटरी सहयोग गरेको अवस्थामा सो रकम समेतवाट स्वार्थको द्वन्द हुने गरी योजना वा कार्यकमको कार्यान्वयन गर्ने व्यवसायि वा सेवा प्रदायक आफै वन्न सक्ने छैनन् ।

ज. विपन्नको आगनमा स्थानीय सरकार कार्यक्रममा प्रस्तावित तथा स्वीकृत जनचेतना, क्षमता विकास लगायतका सानो रकम लाग्ने तथा सार्वजनिक खरिद ऐन तथा नियमानुसार सोझै वार्तावाट लिन दिन सकिने विविध कार्य वा सेवा र परामर्शजन्य सेवाहरुका लागि सूचिकृत स्थानीय सेवा प्रदायक संस्थाहरुसंग आपसी समझदारीमा तोकिएका कार्यहरु सम्पादन गर्न सकिनेछन् ।

**२१. विकास साझेदारसंग हुने साझेदारी सम्झौतामा समावेश हुने विषयहरुः**

क. प्रथमतः यस कार्यकममा साझेदारी पूर्व अन्तर्राष्ट्रीय विकास साझेदार वा गैससवाट यस कार्यकमका आयोजनमा गरिने सहभागिता वा साझेदारीका हकमा अन्तर्राष्ट्रीय विकास सहायता परिचालन नीति, २०७६ मा भएको व्यवस्था अनुसार नेपाल सरकार अर्थ मन्त्रालयसंग छाता सम्झौता भै स्थानीय यस गा.पा.मा कार्य गर्नका लागि स्वीकृति लिएको हुनुपर्दछ वा मूल सम्झौता र वित्तीय सम्झौता भएका विवरणहरु समावेश गर्नु पर्दछ। समाज कल्याण परिषद् वा मान्यता प्राप्त निकायवाट अभिलेख भएको हुनु पर्नेछ।

उक्तानुसारका अन्तर्राष्ट्रीय गैससग इच्छाकामना गाउँपालिकाले वजेट सहायता र वित्तीय सहयोग, क्षेत्रगत सहयोग तथा कार्यक्रममा आधारित सहायता वारे र परियोजना सहयोगमा पारस्पारिक समझदारी गरिनेछ। दाताहरुवाट स्थानीय टर्न कि परियोजना पनि सञ्चालन गर्न वातावरण तयार गरिनेछ।

यसरी सम्झौता गर्दा गा.पा.ले विकास सहायता परिचालन नीति, राष्ट्रीय कानूनको पालना र योजनाको स्वामित्व र नेतृत्व सहित इच्छाकामना गाउँ कार्यपालिकाको आफ्नो सार्वभौम अधिकारलाई मुख्य आधार लिई समझदारीपत्रका शर्तहरुमा दस्तखत गर्ने गराउने छ। थप कुनै आयोजनाको छनोट गरी सभावाट प्रदेश र सघीय सरकारमा आयोजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापनका लागि सहयोग लिन अनुरोध गर्नेछ।

ख. स्थानीय गैससहरु वा साझेदारहरुसंग पनि गा.पा.ले उनीहरुले कार्यकमका लागि पुऱ्याउने वित्तीय सहयोग, वस्तुगत सहयोग, प्राविधिक सहयोग तथा स्वयम् सेवाका विविध विषयमा पारस्पारिक समझदारी गर्नेछ । आयोजनाहरुमा गाउँ कार्यपालिकाको नेतृत्व र पूर्ण स्वामित्व रहने गरी समझदारीका शर्तहरुमा गा.पा. र नागरिकहरुको हितलाई अग्र प्राथमिकता दिइनेछ ।

ग. माथि क र ख वमोजिम समझदारी गर्दा कार्यकमको विषय र क्रियाकलापहरुको प्रकृति हेरी क्षेत्रगत समझदारीका विषय र शर्तहरु समावेश गरी पारस्पारिक सम्झौता गरिनेछ । यस समझदारीपत्रमा रहने मुख्य विषयहरु अनुसूचि.... वमोजिम हुनेछ ।

घ. वैदेशिक सहायता तथा अ.गैससवाट प्राप्त हुने अनुदान सहायताको रकमलाई हालै जारी भै कार्यान्वयनमा आएको सरकारी कारोवार निर्देशिका, २०७६ वमोजिम तोकिएको अनुदान खातामा जम्मागरी कोषको मूल खातामा श्रेस्ता व्यवस्थापनको अभिलेख राखिनेछ ।

## २२. व्यवसायी तथा सेवा प्रदायक संस्थाहरुलाई भुक्तानीः

क. भौतिक पूर्वाधार योजनाहरुको हकमाः

१. यस कार्यक्रम अन्तर्गत कार्यान्वयनमा रहेका योजना तथा क्रियाकलापहरुको लेखाजोखा तथा मूल्याङ्कनगरी कोषको शीर्षकबाट नियमानुसार भूक्तानी दिइनेछ ।

२. विशेष योजना तथा आयोजनाको ठेक्का पट्टाको माध्यमवाट भएका कार्यहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान अनुसार भूक्तानी गरिनेछ ।

३. बिपन्नवाट मात्रै व्यवस्थापन गरिएको र लागत साझेदारीमा सञ्चालित आयोजनाको हकमा शुरुमा नै २० प्रतिशतसम्म उपलब्ध गराइनेछ । लागत साझेदारी नभएकोमा १० प्रतिशत पेश्की उपलब्ध गराइनेछ ।

४. रनिङ्ग विलको हकमा अन्य आयोजनामा जस्तै प्रक्रिया पुरा भएपछि अग्राधिकार दिई भूक्तानी दिइनेछ ।

५. तीन वा चार किस्तामा भूक्तानी दिइने तर अन्तिम भूक्तानी पूर्व अनुगमन समितिवाट सिफारिश गरी भुक्तानी दिइनेछ ।

६. नियमानुसारको कर कट्टी हुनेछ ।

ख. अन्य क्रियाकलापहरुको भूक्तानी सम्वन्धमाः

१. सेवा परामर्श जस्ता सफ्टवेयर कार्यको हकमा समेत रकमको सीमा हेरी उक्तानुसारको ऐन नियम वमोजिमको प्रक्रिया वमोजिम हुनेछ ।

तर सानातिना क्रियाकलापहरुको हकमा सेवा प्रदायकहरु लाई कार्यक्रमको प्रस्ताव हेरी प्रथम र दोस्रो किस्ता ४० र ४० प्रतिशत र अन्तिम किस्ता २० प्रतिशत उपलबध गराइनेछ ।

२. सहकारी संस्थाका लागि पसल सञ्चालन गर्नका लागि परियोजना प्रस्ताव हेरी वीउ पूजीका रुपमा गाउँ कार्यपालिकाको निर्णय अनुसार कारण जनाई प्रथम किस्ता ६० प्रतिशतसम्म उपलब्ध गराइनेछ ।

३. राहत र क्षतिपूर्तिको हकमा विपद व्यवस्थापन कोषबाट प्रदान गरिनेछ तर अभिलेखको तादाम्यता वा समन्वय गरिनेछ ।

४. दातृ संस्थाहरुले वजेट सहयोग गरेकोमा सम्झौतामा उल्लेख गरेकोमा सोही अनुसार ।

५. विपन्न इकाइ स्वयम्ले व्यवस्थापन गरी सञ्चालित गरेको विविध कार्यक्रमको हकमा कार्यालयको अन्य विधि, प्रक्रिया र अभ्यास अनुसार ।

६. विपन्न हितका लागि मात्र हुने गरी माथि भूक्तानी सम्वन्धमा थप विशेष निर्णय गर्नु परेमा कार्यक्रम समितिको सिफारिशमा गा.पा. कार्यपालिकाको निर्णयबाट ।

७. अन्य व्यवस्था प्रचलित कानून र नियम अनुसार हुनेछन् ।

ग. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विशेष तथा समपुरक अनुदान तथा अन्य अनुदानको हकमा सोही नीतिमा भएको व्यस्था अनुसार ।

## परिच्छेद-७

## विपन्नमैत्री सहकारी सस्थाको स्थापना र सञ्चालन

**२३. यस कार्यविधि अनुसार पहिचान भएका विपन्नहरुको सामूहिक सहभागितामा तिनीहरुको समूहहरु लाई सहकारीकरणगरी सहकारी संस्थाको रुपमा विकास गरिनेछ ।**

सहकारी संस्था गठन गर्दा चरणगत रुपमा देहायको सहकारी संस्था गठनका लागि गाउँकार्यपालिकवाट प्रोत्सहान र क्षमता विकास गरिनेछ ।

क. उत्पादक सहकारी संस्थाको गठनः

बिपन्नहरु सदस्य रहेको तथा देहायको विषयहरु समावेश भएको एक उत्पादक सहकारी संस्था गठन गरिनेछ । यस सहकारी संस्थाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम समेत रहनेगरी सहकारीको विधान र विनियमावलीहरु निर्माण गरिनेछन् ।

गाउँपालिकाबाट प्रदान गरिएको परिचयपत्र भएका विपन्नहरु शेयर सदस्यरही इच्छाकामना गाउँकार्यापालिकाले जारी गरेको सहकारी ऐन नियम, नेपाल सरकारको सहकारी ऐन र नियममा भएको व्यवस्था समेतलाई पालना गरी विधान लगायतका व्यवस्थाहरु भएको उत्पादक सहकारी संस्था लि.को प्रावधन र स्थापना गरिनेछ ।

यस सहकारी संस्थामा विपन्नको सदस्यता लिएका नागरिकहरु वाहेक यस कार्यविधि वमोजिमका सस्थागत संरचनाहरुको सुझाव समेतका आधारमा अन्य स्थानीय उत्पादकहरु- कृषि तथा अन्य सदस्यको रुपमा रहनेछन् ।

यस सहकारी संस्थाले बिपन्न सहकारी पसल स्थापना गरी स्थानीय स्तरमा उत्पादित कृषी लगायतको उत्पादनको आफ्ना सदस्य तथा अन्यवाट खरिद विक्री गर्नेछ । सदस्यका लागि चाहिने अन्य सामाग्रीहरु समेत पहिचान गरी  सहकारीको नीति अनुसार खरिद वित्रि गर्नेछन् ।

गाउँपालिकाको नीति तथा यस कार्यकमको उद्देश्य समेतलाई विचार गरी यस सहकारी संस्था लि.को विधानमा विपन्नको परिचय प्राप्त गरेका सदस्यहरुलाई ऋणको ब्याजमा छुट, वीउ तथा प्रविधि, अन्य सेवा प्रदान लगायत सहकारी संस्था समेतले तोकेका क्षेत्रहरुमा विशेष प्राथमिकता हुने गरी विधानमा तथा विनियमावलीमा व्यवस्था गर्न सक्नेछन् ।

यस सहकारी संस्थाको गठन, क्षमता विकास, बिपन्न सहकारी पसलका लागि शुरु वा वीउ पूँजी प्रदान, जनशक्ति, खातापाता तथा सचिवालय व्यवस्थापन लगायतका प्रारम्भिक कार्यहरुमा गाउँसभावाट भएको नीतिगत र विनियोजन रकम अनुसार स्थापना भएको गाउँकार्यपालिको यस बिपन्न कोषवाट सहयोग गरिनेछ ।

सहकारी संस्थाको सिफारिश र अनुभवका आधारमा गाउँकार्यपालिकाले समय समयमा नीतिगत परिवर्तन गर्नेछ। सदस्यहरु बीच वचत तथा ऋण सम्वन्धि ब्यवस्था र सहकारीका चार खाता लगायतका अन्य ब्यवस्थाहरु सहकारीको विधान एवम् अन्य नीति वमोजिम कार्यान्वयन हुनेछन् ।

नेपाल सरकार तथा प्रदेश सरकार र अन्य निकायहरुको सहकारी नीति बमोजिमका थप कार्यहरुमा यस संस्थालाई प्रथम प्राथमिकता दिई आवद्दता तथा सहकार्य गरिनेछ ।

ख. अन्य सहकारी संस्थाहरुको स्थापना बिपन्नहरुको सदस्य संख्या, क्षमता, अनुभव, आवश्यकता तथा नेपाल सरकार लगायतका सरकारहरुको कानूनी र नीतिगत व्यवस्था समेतको आधारमा उत्पादक सहकारी संस्था लि बाहेका वचत तथा ऋण लगायतका अन्य प्रकारका सहकारी संस्थाहरुको स्थापना क्रमशः गरिनेछ ।

## परिच्छेद-८
## अनुगमन, मूल्याङ्कन र समिक्षा समवन्धमा

**२४. अनुगमन र मूल्याङ्कनः**

क. यस कार्यक्रमको समग्र अनुगमन गाउँपालिकावाट गठीत अनुगमन समितिले तोकिएको ढाँचामा र तरिका र समय अनुसार गर्नेछ ।

ख. यस समितिले न्यूनतम रुपमा चौमासिक रुपमा अनुगमन, वित्तीय तथा भौतिक प्रगति प्रतिवेदनको प्रस्तुती र समिक्षा गर्नेछ ।

ग. आवश्यकता अनुसार सूचना व्यवस्थापन प्रणाली अवलम्वन गरिनेछ ।

घ. बिपन्न छनौट योजना कार्यान्वयन तथा सहयोग वितरणमा यो कार्यविधि अनुसार नभएको महशुस भएमा सरोकारवाला नागरिकले वडा कार्यालय मार्फत गा.पा. कार्यपालिकामा गुनासो गर्न सक्नेछन् र सोको व्यवस्थापन गा.पा.ले एक महिनाभित्र गर्नेछ ।

ङ. अन्य समितिहरुले समय समयमा अनुगमन र सुपरिवेक्षण गरी समितिलाई सुझाव दिन सक्नेछन् ।

च. दातृ निकाय सहित संयुक्त समिक्षा गरिनेछ भने विकास सहायताबाट सञ्चालित भएका आयोजनाको हकमा जिससलाई अनुगमन र समन्वयका लागि अनुरोध गरिनेछ ।

छ. मूलतः यस कार्यक्रमले नेपाल सरकारले तयार गरेको दिगो विकास लक्ष्यमा पुऱ्याएको विषय समेत महत्वसाथ हेरिनेछ ।

ज. कार्यक्रमको कार्यान्वयनलाई सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक लेखापरिक्षणका औजारहरुको अवलम्वन गरी उत्तरदायी र सुशासनयुक्त बनाईनेछ ।

## परिच्छेद-९
## विविधः

**२५. लागत साझेदारीः**

क. यस कार्यक्रमको कार्यान्वयनका लागि साझेदारी गर्ने साझेदार निकाय वा संस्थाहरुलाई र सरोकारवालहरुलाई गाउँपालिकाको गाउँसभाको नीति र सर्त अनुसार लागत साझेदारीको अंश निर्धारण गरिनेछ ।

ख. कार्यक्रमको क्षेत्रगत क्रियाकलाप र कार्य विषय हेरी लाभग्राही वर्गका लागि न्यूनतम ५ देखि १० प्रतिशतसम्म लागत साझेदारी गरिनेछ ।

तर अति अपाङ्ग र लोपोन्मुख जातीका लागि ० प्रतिशत जनसहभागिता कायम गरिनेछ ।

ग. विशेष अनुदान वा समपुरक अनुदानवाट सञ्चालित हुने आयोजना वा कार्यक्रमको हकमा सोको नीतिहरुमा भएको व्यवस्था अनुसार लागत सहभागिता रहनेछ ।

**२६. खर्चका मापदण्डहरुः**

यस कार्यविधिको कार्यान्वयन गर्ने सम्वन्धमा व्यवस्थापनसंग सम्वन्धित खर्चका मापदण्डहरु इच्छाकामना गाउँपालिका कार्यपालिकावाट निधार्रित दररेटमा भए अनुसार हुनेछन् ।

**२७. यसै बमोजिम हुनेः**

हालसम्म यस गाउँपालिकामा गाउँ सभावाट विनियोजन भै कार्यान्वयनमा आएका परियोजना वा कार्यक्रम वा परियोजना वा क्रियाकलापहरु यसै ऐन-कार्यविधि अनुसार भए गरेका मानिनेछन् । यो कार्यक्रमको विनियोजन शीर्षकबाट भए गरेका क्रियाकलापहरुको प्रतिवेदन तयार पारी छुट्टै प्रकाशन गरिनेछ ।

**२८. बाधा अड्काउ फूकाउः**

यस कार्यविधि अनुसार कार्यकमको कार्यान्वयन गर्दै जाँदा कुनै नीतिगत तथा कार्यक्रमगत र श्रोतगत समस्या देखा परेमा गाउँ कार्यापालिका मार्फत गाउँ सभामा निकासाका लागि पेश गरिनेछ । नेपाल सरकार तथा प्रदेश सरकारसंग वा सम्वन्धित निकायहरुसंग समन्वय वा परामर्श लिनुपर्ने भएमा कार्यपालिकाबाट अनुरोध गरिनेछ ।

**२९. गाउँपालिकाले अन्य नीति, नियमावली र निर्देशिका बनाउन सक्नेः**

यस ऐन अनुसारको कार्यक्रमको कार्यान्वयनका लागि इच्छाकामना गाउँ कार्यापालिकाले आवश्यकता अनुसार विभिन्न नीति, नियमावली, मापदण्ड र क्षेत्रगत निर्देशिका बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**३०. अनुसूचीहरुमा संशोधनः**

**ती**नै तहका सरकारहरुको नीति तथा यस कार्यक्रमबाट प्राप्त अनुभव र अभ्यासका आधारमा इच्छाकामना गाउँपालिकाले यस ऐन-कार्यविधिका अनुसूचिहरुमा समय समयमा गाउँ सभा तथा कार्यपालिकाबाट आवश्यकता अनुसार सामाजिक हेरफेर, परिमार्जन र संशोधन गर्न सकिनेछ ।

**प्रस्तावित अनुसूचीहरुः**

१. बिपन्न पहिचानका लागि अनुसूचि-१ मा भएको सर्वेक्षण प्रश्नावलीको प्रयोग गरिनेछ ।

२. उक्त अनुसार घरधुरी सर्वेक्षण भएपछि अनुसूचि-२ अनुसार विश्लेषण गरी वडास्तरमा विपन्न वा अति गरिव व्यक्ति, परिवार तथा समुदाय पहिचान गरिनेछ ।

३. तत्पश्चात सोको पहिचान र अभिलेखको आधारमा अनुसूची ३ बमोजिम परिचयपत्रको तयारी र वितरण गरिनेछ ।

४. विपन्न तथा लक्षित वर्गहरुको मोटामोटी सूची प्रस्ताव बनाउने तर अनुसूची र इच्छाकामनामा छलफल गरी राख्ने .....मा उल्लेख गरिएको छ ।

५. कार्यक्रमबाट योजना वा क्षेत्रगत कार्यक्रम वा परियोजना बनाई गरिने मोटामोटि कार्यक्रम तथा क्रियाकलापहरु अनुसूची.......मा उल्लेख गरिएको छ ।

६. साझेदारहरुको प्रस्तावका आधारमा तिनिहरुको वार्षिक रुपमा सूची रोष्टर तयार पारिनेछ । अनुसूची........

७. यस समझदारीपत्रमा रहने मुख्य विषयहरु अनुसूचि....बमोजिम हुनेछ ।

☞ कार्यक्षेत्रगत शर्त, सम्झौताका विषयहरु, वित्तीय रकम प्राप्ति र भूक्तानीका विषयहरु, साझेदारीका क्षेत्रहरु, प्रतिवेदन तरिका र समय एवम् समिक्षा, अनुगमन र मूल्याङ्कन, सामूहिक उत्तरदायित्व तथा साझेदारहरुले आपसमा उपयुक्त सम्झिएका अन्य सान्दर्भिक विषयहरु दुवै पक्षले तयार गरेका मस्यौदा र ड्राफ्टको आधारमा अन्य क्षेत्रगत विषयहरुसंग सम्वन्धित विषयहरु आदि ।

## कार्यक्षेत्र तथा क्रियाकलापहरुलाई ठोसरुपमा व्याख्या गर्ने, अनूसुचि-५ कोमा

**कार्यक्षेत्रः**

क. पूर्वाधार निर्माण- आवास, खानेपानी आदि ।

ख. आय आर्जन- कर्षि लघु उधम् ।

ग. सहकारी पसल- हाट बजार ।

घ. शिक्षा ।

ङ. स्वास्थ्य ।

च. क्षमता विकास ।

छ. सचेतना कार्यक्रम ।

ज. राहत ।

झ. सचिवालय खर्च र लजिस्टिक सपोर्ट ।

**क्रियाकलाप व्याख्या गर्ने. के के गर्ने ? कसरी ? कहाँ ? कहिले ? को बाट ? किन ? आदि SMART?**

- गरिवी पहिचानका लागि घरधुरी तथा टोल सर्वेक्षण, विश्लेषण र संख्या निर्धारण ।
- परिचयपत्र वितरण र अभिलेख ।
- व्यक्तिगत तथा समूहगत क्षमता पहिचान र लेखाजोखा ।
- क्षेत्रगत सीप विकास तालिम- कृषि, भेटनरी, सरसफाई, प्लम्बिङ्ग, मोवाइल, ब्यूटी पार्लर, भाडा निर्माण, काठ, घरेलु ....आदि ।
- सहकारी संस्था निर्माण र सहकारी पसल- साझा पसल ।
- बीऊ पूँजी सहयोग, विपन्न आवास.....वस्ती विकास.... ।
- उत्पादित वस्तु खरिद, सर्वमूलक रोजगार ।
- सचेतना कार्यक्रम ।
- धारा, साइकल तथा अन्य कृर्षि सामाग्री हस्तान्तरण ।
- शिक्षा र स्वास्थयका कार्यक्रमहरु ।
- अन्य....लघु उधम्................असहाय......... प्रसुति ।
- प्राविधिक शिक्षा अध्ययनमा सहयोग ।
- पोषण र खाध सुरक्षा, विपत व्यवस्थापनमा संलग्नता ।
- रोजगार सूचना केन्द्रको सुधार ।
- विभिन्न सार्वजनिक सेवामा जस्तै वस ..... तथा गा.पा.को कर आदिमा छुट र गा.पा.मा प्राथमिकता सेवा आदिमा प्रथम सेवा ।
- होमस्टे पसल केवल आदिमा ।
- सुरक्षित आवास ।

- सचेतना कार्यक्रम जस्तै वाल विवाह... गाजा...घरेलु हिंसा... आदि ।
- रेडियो गतिविधि, सूचना प्रविधि वाइ फाइ सेवा ।
- दिवा खाजा, स्कूल सामाग्री.... ।
- सडक वालवालिका... ।
- दाउरा बेची निर्वाहा गर्ने विपन्न ।
- यात्रु सवारी साधन खरिद ।
- कृर्षी औजार खरिद ।
- बहुक्षेत्रीय पोषणका कार्यहरु ।
- ........................ ।
- ........................ ।